बैठक संख्या:- ७

आज मिति २०७६ साल पौष २० गते आइतवारका दिन यस मुसीकोट नगर कार्यपालिकाका प्रमुख श्री देवीलाल गौतम ज्युको अध्यक्षतामा आर्थिक वर्ष २०७६।०७७ को सातौं बैठक तपशिल बमोजिमको उपस्थीतिमा बसी निम्न प्रस्तावहरु उपर व्यापक छलफल गरि निम्न निर्णयहरु पारित गरियो ।

**तपशिल**

| क्र. स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | देवीलाल गौतम | नगर प्रमुख | |
| २. | प्रेमकुमारी सुनार | उप-प्रमुख | |
| ३ | विरवल केसी | कार्यपालिका सदस्य | |
| ४ | काशीराम खड्का | ,, ,, | |
| ५. | भिमबहादुर खड्का | ,, ,, | |
| ६ | निर्मलकुमार पुन | ,, ,, | |
| ७ | शुसिल गौतम | ,, ,, | |
| ८. | बसन्त कुमार गौतम | ,, ,, | |
| ९. | हिमबहादुर पाण्डे | ,, ,, | |
| १०. | बद्धिप्रसाद बुढा | ,, ,, | |
| ११ | नबिन ओली | ,, ,, | |
| १२ | गोप्यश्वर केसी | ,, ,, | |
| १३. | पदमबहादुर पुन | ,, ,, | |
| १४. | प्रेमबहादुर ओली | ,, ,, | |
| १५. | दिपक केसी | ,, ,, | |
| १६. | भिमबहादुर विष्ट | ,, ,, | |
| १७ | धिरन सिपाली | ,, ,, | |
| १८ | शसीराम परियार | ,, ,, | |
| १९. | पवित्रा कामी | ,, ,, | |
| २०. | जानकी केसी खड्का | ,, ,, | |
| २१. | कमला बुढा पुन | ,, ,, | |
| २२. | चम्फा परियार | ,, ,, | |
| २३ | मिना विक | ,, ,, | |
| २४ | यामकुमारी नेपाली | ,, ,, | |
| २५. | नरविर खड्का | सदस्य सचिव | |

आमन्त्रित:

१ रामबहादुर उ०ली० लेखा अधिकृत

२ पहल बहादुर पुन इन्जिनियर

३

४

५

## मुसिकोट नगरकार्यपालिकाको मिति २०७६।०९।२० गतेको कार्यपालिका वैठकका प्रस्तावहरु

| क्र.सं. | प्रस्तावहरु | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|
| १. | वडा कार्यालहरुको समग्र कामकाजको समिक्षा सम्वन्धमा । | अनुभव तथा कामकाजको अवस्था पेश भै आवश्यक निर्णय हुन पर्ने । |
| २. | बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा । | कार्यक्रम सञ्चालन कार्यविधि अनुसार सञ्चालन गर्ने । |
| ३. | लागत अनुमान पारित गर्ने सम्वन्धमा । | सडक निर्माण कार्यको लागि पेश भए अनुसार पारित गर्ने । |
| ४. | प्रशासनिक कामकाज व्यवस्थित गर्ने सम्वन्धमा । | आन्तरिक प्रशासन सञ्चालन कार्यविधि, २०७६ पेश भएअनुसार पारित गर्ने । |
| ५. | कर्मचारिहरुका लागि इन्धन सुविधा उपलव्ध गराउने सम्वन्धमा । | फिल्डमा खटिने प्राविधिक कर्मचारि तथा अन्य कर्मचारिको इन्धन सुविधा सम्वन्धि मापदण्ड, २०७६ पेश भएअनुसार पारित गर्ने । |
| ६. | प्राविधिक कर्मचारि करार नियुक्ति गर्ने सम्वन्धमा । | दरवन्दी संरचना अनुसार अपुग प्राविधिक कर्मचारि करार गर्ने । |
| ७. | सडक मर्मत सम्भार समुह गठन गर्ने सम्वन्धमा । | सशर्त अनुदानमा रहेका सडकहरुको लागि पेश भए अनुसार समुह गठन गर्ने । |
| ८. | समपूरक कोषको रकम बाँडफाँड गर्ने सम्वन्धमा । | गत आ.व. र यस आ.व.मा प्राप्त भएको समपूरक अनुदानका योजना तथा अन्य योजनामा र कार्यक्रममा बाँडफाँड हुनुपर्ने । |
| ९. | समपूरक तथा विशेष अनुदानको लागि योजना छनौट सम्वन्धमा । | पेश भए अनुसारका योजना छनौट गर्नुपर्ने । |
| १०. | आर्थिक सहयोग सम्वन्धमा । | पेश भए अनुसार निर्णय हुनुपर्ने । |
| ११. | एम्बुलेन्स संचालन गर्ने सम्वन्धमा । | संचालन प्रक्रिया ठेक्का मार्फत गर्ने । |
| १२. | मुसिकोट नगरपालिकाको भकारो सुधार कार्यक्रम व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ सम्वन्धमा । | पेश भए अनुसार पारित हुनुपर्ने । |
| १३. | कृषि विमा प्रवर्द्धन प्रोत्साहन कार्यान्वयन कार्यविधि, २०७६ सम्वन्धमा । | पेश भए अनुसार पारित हुनुपर्ने । |
| १४. | दुध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रति लिटर दुधमा अनुदान कार्यक्रम निर्देशिका, २०७६ सम्वन्धमा । | पेश भए अनुसार पारित हुनुपर्ने । |
| १५. | मुसिकोट नगरपालिकाको पशु विमा व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ सम्वन्धमा । | पेश भए अनुसार पारित हुनुपर्ने । |
| १६. | पशु सेवा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ संशोधन सम्वन्धमा । | पेश भए अनुसार संशोधन हुनुपर्ने । |
| १७. | विविध सम्वन्धमा । | समसामयिक तथा आवश्यक विषयमा छलफल भै आवश्यक निर्णय हुनुपर्ने । |

## निर्णयहरु

**निर्णय नं. १ वडा कार्यालहरुको समग्र कामकाजको समिक्षा सम्वन्धमा**

वडा कार्यालयहरुले सार्वजनिक सेवा प्रवाहको क्रममा भोगेका कठिनाई, प्राप्त गरेको सहयोग र कार्य उपलब्धि तथा अगामि कार्ययोजनाका सम्वन्धमा उपस्थित सबै वडा अध्यक्षहरु तथा कार्यपालिकाका सदस्यहरुबाट आ आफ्नो धारणा राखि समिक्षा गरिनुका साथै वडा कार्यालयहरु तथा नगरपालिकाबाट प्रवाह हुने सेवालाई अझ बढि समय सान्दर्भिक बनाई प्रभावकारी रुपमा पारदर्शि र विश्वसनीय रुपमा सेवा प्रवाह गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २ बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा**

कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम बमोजिम कर्णाली प्रदेशका छोरीहरुको आर्थिक सामाजिक सुरक्षाको लागि प्रदेश भित्र **बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको** कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका लागि लागु भएको कार्यविधि अनुसार संवत् २०७६ साल श्रावण १ गते वा सो मितिभन्दा पछि जन्मेका छोरीहरुलाई कार्यक्रममा आवद्ध गर्ने कार्यका लागि नगरपालिकाले छनौट गरि तोकेको बैंकमा खाता खोल्ने कार्यका लागि वडा कार्यालयहरुले तत्काल तोकिएको ढाँचामा निवेदन संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ लागत अनुमान पारित गर्ने सम्वन्धमा**

यस नगरपालिकाले संघीय समपूरक अनुदान माग गरेको **सोलावाङ झुल्खेत घट्टेखोला क्वाम्मा गर्पाधुरी घोरखानी** सडक निर्माण कार्यको लागि तिन बर्षे ठेक्का बन्दोबस्त गर्ने कामका लागि मुसिकोट नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १५ (ग) बमोजिम रु ९,९७,९२,५११। अक्षरुपी (नौ करोड सन्तानब्बे लाख बयानब्बे हजार पाँच सय एघार) को लागत अनुमान स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं.४ प्रशासनिक कामकाज व्यवस्थित गर्ने सम्वन्धमा**

आन्तरिक प्रशासन सञ्चालन कार्यविधि, २०७६ पेश भए अनुसार सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ५ कर्मचारिहरुका लागि इन्धन सुविधा उपलब्ध गराउने सम्बन्धमा**

फिल्डमा खटिने प्राविधिक कर्मचारि तथा अन्य कर्मचारिको इन्धन सुविधा सम्वन्धि मापदण्ड, २०७६ पेश भएअनुसार सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं. : ६ प्राविधिक कर्मचारि करार नियुक्ति गर्ने सम्वन्धमा**

यस नगरपालिकाको दरवन्दी तेरिज अनुसार रिक्त रहेका नेपाल इन्जिनियरिङ सेवाका पद सव इन्जिनियर २ र असिस्टेन्ट सव इन्जिनियर ५ करारमा प्राविधिक जनशक्ति व्यस्थापन गर्ने सम्वन्धि कार्यविधि, २०७४ बमोजिम हुने गरी ५ दिनको सूचना प्रकाशित गरि तत्कालत रिक्त पद पुर्ति गर्ने र ~~यस अधि सूचना भएबमोजिम~~ हाल पाउदै आएको प्राविधिक प्रोत्साहन पुनरावलोकन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. :७ सडक मर्मत सम्भार समुह गठन गर्ने सम्बन्धमा**

यस आर्थिक बर्षमा सशर्त अनुदानमा बजेट विनियोजन भएका तपशिल अनुसारका सडकहरुमा तपशिल अनुसारको संख्यामा रहने गरी सडक मर्मत सम्भार समुह गठन गर्न तत्काल ५ दिनको सूचना प्रकाशन गरि कार्य गर्ने निर्णय गरीयो ।

**तपशिल**

| सि. नं. | सडकको नाम | सडक रहेका वडा नं. | आवश्यक संख्या |
|---|---|---|---|
| १. | सल्ले कैलदेउ गिलवाङ छिनखेत नदुवा राडिज्युला स्यालापाखा सडक | १,२ | ८ |
| २. | सोलावाङ राहुखेत वालुवा नायगाढपुल जामावगर सिमलचौर हुकाम रन्मामैकोट सडक | ४,३,२,१ | ६ |
| ३. | सितलपोखरी भुल्खेत हिल सडक | ४,६,७,९ | ५ |

**निर्णय नं.८ समपूरक कोषको रकम बाँडफाँड सम्बन्धमा**

यस आर्थिक वर्षमा समपूरक अनुदानका लागि विनियोजन भएको रकम रु ४,०२,००,०००। तपशिल अनुसार बाँडफाँड गर्ने निर्णय गरीयो ।

**तपशिल**

| सि.नं. | योजना /कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | गत आ.व.का योजनाहरुको लागि | १,००,१४,९४१ | |
| २. | सोलावाङ भुल्खेत घट्टेखोला क्वाम्मा गर्पाधुरी घोरखानी सडक निर्माण | १,३३,००,००० | |
| ३. | छेराबगर डाँडाछिवाङ हाइवाङ टोड्के दोपाई सडक निर्माण | ४८,५०,००० | |
| ४. | कोटचौतारा जुगेनाबगर सडक निर्माण | ४८,५०,००० | |
| ५. | छेरा धैरेनिचौर पिपलनेटा सडक ~~मर्मत~~ निर्माण | ४८,५०,००० | |
| ६. | सहिद प्रतिष्ठानको सभाहल तथा अन्य कार्यको सुधार | ८,००,००० | |
| ७ | भ्रमण बर्ष २०२० लक्षित पर्यटन प्रवर्द्धन कार्यक्रम | ५,००,००० | |

| | | | |
|---|---|---|---|
| ८. | साँख स्वास्थ्य चौकि स्वच्छता कार्यक्रम म्याचिङ | ४,००,००० | |
| ९. | छिवाङ स्वास्थ्य चौकि स्वच्छता कार्यक्रम म्याचिङ | ३,००,००० | |
| ८. | आर्थिक सहायता | ३,३५,०५९ | |
| जम्मा | | ४०,२०,००० | |

## निर्णय नं. ९ समपूरक तथा विशेष अनुदानको लागि योजना छनौट सम्वन्धमा

राष्ट्रिय योजना आयोग सिंहदरवार, काठमान्डौंको मिति २०७६।०९।०२ को प्रकाशित सूचना अनुसार आ.व. २०७७/७८ का लागि प्रदेश र स्थानीय तहमा समपूरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना/कार्यक्रम प्रस्ताव आह्वान गरिए अनुसार यस नगरपालिका अन्तर्गत तपशिल अनुसारका आयोजना/कार्यक्रम प्रस्ताव गर्ने निर्णय गरीयो ।

| समपूरक अनुदानका लागि | | | |
|---|---|---|---|
| सि.नं. | आयोजना/कार्यक्रम | क्षेत्र | कैफियत |
| १. | सोलावाङ झुल्खेत घट्टेखोला क्वाम्मा गर्पाधुरी घोरखानी सडक निर्माण | ग्रामिण सडक | गत आ.व. को |
| २. | रातापहर भलाक्चा झुल्खेत सडक निर्माण | स्थानीय सडक | |
| ३. | चौतारा दोपाई बागखोर सडक निर्माण | कृषि सडक | |

| विशेष अनुदानका लागि | | | |
|---|---|---|---|
| सि.नं. | आयोजना/कार्यक्रम | क्षेत्र | कैफियत |
| १. | नगरपालिकाको शैक्षिक विकास कार्यक्रम, २०७७ | विशेष शैक्षिक कार्यक्रम | |
| २. | पोषण मैत्री नमुना टोल कार्यक्रम | विशेष स्वास्थ तथा खाद्य सुरक्षा कार्यक्रम | |
| ३. | राजापानी आधारभुत विद्यालय मु.न.पा. २ | शैक्षिक आयोजना | |
| ४. | सरस्वति आधारभुत विद्यालय त्रिसिड मु.न.पा. ८ | शैक्षिक आयोजना | |

| | | | |
|---|---|---|---|
| ५. | जनशिक्षा आधारभुत विद्यालय चौखावाङ | शैक्षिक आयोजना | |
| ६. | खानेपानी आयोजना एक घर एक धारा वडा नं. १० | खानेपानी | |

**निर्णय नं. १० आर्थिक सहयोग सम्वन्धमा**

नगरपालिकामा विभिन्न काम, उदेश्य र सहायताका लागि आर्थिक सहयोग माग भएका निवेदनहरुको सम्वन्धमा नगरप्रमुखको निर्णय अनुसार गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ११ एम्वुलेन्स संचालन गर्ने सम्वन्धमा**

यस नगरपालिकाले संचालन गर्दै आएको एम्वुलेन्स सेवालाई प्रभावकारी, मितव्ययी र सहज रुपमा संचालन गर्ने कार्यको लागि तपशिलको समिति निर्माण गरि सोहि समितिको निर्णय अनुसार गर्ने निर्णय गरियां ।

तपशिल

| | |
|---|---|
| सुशिल गौतम | संयोजक |
| नविन ओलि | सदस्य |
| काशिराम खड्का | सदस्य |
| वुद्धिप्रसाद वुढा | सदस्य |
| पुर्ण के.सी. | सदस्य सचिव |

**निर्णय नं. १२ मुसिकोट नगरपालिकाको भकारो सुधार कार्यक्रम व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ सम्वन्धमा**

पेश भएअनुसार छलफल भै सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १३ कृषि विमा प्रवर्द्धन प्रोत्साहन कार्यान्वयन कार्यविधि, २०७६ सम्वन्धमा**

पेश भएअनुसार छलफल भै सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ दुध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रति लिटर दुधमा अनुदान कार्यक्रम निर्देशिका, २०७६ सम्वन्धमा**

पेश भएअनुसार छलफल भै सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ मुसिकोट नगरपालिकाको पशु विमा व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७६ सम्वन्धमा**

पेश भएअनुसार छलफल भै सर्वसम्मत रुपमा पारित गर्नेनिर्णय गरियो ।

**निर्णय नं. १६ पशु सेवा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ संशोधन सम्वन्धमा**

पेश भएअनुसार छलफल भै सर्वसम्मत रुपमा संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ विविध सम्वन्धमा**

**समसामयिक विषयमा सामान्य छलफल भएको ।**

**अन्तमा आजको वैठक सौहार्द रुपमा समापन भएको घोषणा गर्दै बैठकमा सहभागि सबैलाई अध्यक्षबाट धन्यवाद व्यक्त गरीयो ।**

2076/08/20 गते को सातौं कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु (१-१६) मध्ये (१-१६) सम्मका प्रस्तावहरुमा छलफल भै भएका निर्णयहरु प्रमाणित गरिन्छ।

२०७६/०८/२९